**05.06.2025 Thursday**

**यो आकाशवाणी हो। समाचार वन्दना राईबाट सुन्नुहोस्।**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. **भारतले सेवा सुशासन र गरीब कल्याणका सिद्धान्तहरूसित प्रेरित भई पहिल्ला एक दशकमा उल्लेखनीय परिवर्तन गरेकोछ।**
2. **प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारलाई गरीब कल्याण प्रति समर्पित भएको भन्नुभएको छ।**
3. **विश्व पर्यावरण दिवसमा आज राष्ट्रपति उपराष्ट्पति र प्रधानमन्त्रीले नागरिकहरूसित आफ्नो संकल्प दरिलो पार्दै पृथ्वीको रक्षाका लागि आफ्नो प्रतिवद्धताको पुष्टि गर्ने आह्वान गर्नुभएकोछ।**
4. **प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि जम्मू कश्मीरमा अधमपुर – श्रीनगर – वारामुला रेल परियोजना, राष्ट्रलाई समर्पित गर्नु हुनेछ।**

**5.Indonesia open Badminton मा चिराग शेट्टी र सात्विक साइराज रेड्डीको भारतीय जोड़ी टुर्नामेण्टको क्वाटर फाइनलमा पुगेकोछ।**

**विशेष फीचर – सरकारको एघार वर्ष**

भारतले सेवा, सुशासन र गरीबकल्याणका सिद्धान्तहरूसित प्रेरित भई एक दशकमा उल्लेखनीय परिवर्तन गरेको छ। आकाशवाणी समाचारले तपाईहरूका लागि विगत एघार वर्षमा प्रमुख क्षेत्रहरूमा सरकारको उपलब्धिहरूमाथि केन्द्रित एक विशेष श्रंखला विएर आएकोछ। आज हामीले कौशल विकास र रोजगार सृजनामाथि ध्यान केन्द्रित गरि रहेका छौँऊ। यसले भारतको अमृत पीढ़ी युवा पीढ़ीलाई सशक्त बनाउनेछ।

**नयाँ प्रधानमन्त्री गरीब कल्याण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारलाई गरीब कल्याण प्रति समर्पित भएको बताउनुभएको छ। श्री मोदीले राष्ट्रिय जनतांत्रिक गठबन्धनका एघार वर्ष पूरा भएकोमा मानिसहरूलाई गरीबीबाट उकास्नका लागि केन्द्र सरकारको सशक्तिकरण दरिलो पूर्वाधार र समावेशनको दिशा तर्फ चालिएका पाईलाहरूको उल्लेख गर्नुभयो।

**पंजाब – शिवराज**

केन्द्रिय कृषि एवमं किसान कल्याण तथा ग्रारमीण विकास मन्त्री विशरारज सिंह चौहानले आज विकसित कृषि संकल्प अभियान VKSA अन्तर्गत परियालाको राजपुरामा आयोजित किसान चौपालमा किसानहरूसित कुराकानी गर्नुभयो। मीडियासित कुराकानी गर्दै श्री चौहानले भन्नुभयो, VKSA अन्तर्गत वैज्ञानिकहरूले बारीहरूमा पुगेर किसानहरूको माटो अथवा पर्यावरण संबधी समस्याहरूलाई सुनी रहेका छन् र संवधित कृषि जलवायु क्षेत्र अन्तर्गत कुन चाँहि फसल उनीहरूको लागि राम्रोछ त्यसबारे बताई रहेका छन्। यो पाईला लागत कम गर्न अनि उत्पादन बढ़ाउनका लागि चालिको हो, उहाँले भन्नुभयो।

**विश्व पर्यावरण दिवस**

विश्व पर्यावरण दिवसमा आज राष्ट्रपति द्रौपदी मुर्मु उपराष्ट्रपति जगदीप धनखढ़ र प्रधानमन्त्री नरेन्द्र मोदीले नागरिकहरूसित आफ्नो संकल्प दरिलो पार्ने अनि पृथ्वीको रक्षाका लागि आफ्नो प्रत्विद्धताको पुष्टि गर्ने आहवान् गर्नुभएकोछ। राष्ट्रपति मुर्मुले सोशल मिडिया पोस्टमा लेख्नुभयो, पर्यावरणका लागि हरेक पाईलाको अंतर पार्दह अनि सामूहिक प्रयासहरूले भविष्यका पीढ़ीहरूका लागि धरतीलाई

हरियो – भरियो बनाउन सकिन्छ। उपराष्ट्रपतिले सबै जीवित प्राणीहरूको कल्याण सबैको स्वास्थ्यसित आंतरिक रूपले जुड़ेको छ भन्नुभयो। प्रधानमन्त्री मोदीले पर्यावरणको रक्षा संबधमा एक भिडियो साझा गर्नुभयो।

**पिएम जम्मू कश्मीर**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि जम्मू कश्मीरको यात्राको बेला राष्ट्रलाई अधमपुर – श्रीनगर- बारामूला रेल परियोजनालाई समर्पित गर्नुहुनेछ।

272 किलोमीटरको यस परियोजनाको निर्माण लगभग 44 हजार करोड़ रूपियाँको लागतको गरिएको हो। सम्पूर्ण रूपले विद्युतीकृत रेलखंड भएको यो परियोजनामा 36 सुरूङ अनि 943 पुलहरू शामेल छन्। यस परियोजना अंतर्गत चेनाब ब्रिज विश्वकै सबभन्दा आग्लो रेलवे आर्च ब्रिज र भारतको पहिलो केवल आधारित ब्रिज हो।

प्रधानमन्त्री मोदीले दुईवटा बन्दे भारत एक्सप्रेस रेलगाड़ीहरूको शुभारंभ गर्नुहुनेछ। एउटा रेलगाड़ी श्री माता वैष्णो देवी कटरा देखि श्रीनगर र अर्को रेलगाड़ी श्रीनगर देखि कटरा सम्म गुड़्नेछ।

यस बाहेक विशेष रूपले सीमावर्ती क्षेत्रहरूमा संपर्कका लागि प्रधानमन्त्रीले विभिन्न सड़क परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। श्री मोदीले कटरामा तीन सय पचास करोढ़ रूपियाँ भन्दा बढ़िको श्री माता वैष्णो देवी Institute of Medical Excellence को आधारशिला पनि राख्नुहुनेछ।

**जम्मू- काश्मीर वैष्णव**

केन्द्रिय रेल मन्त्री अश्विनी वैष्णवले जम्मू रेलवे स्टेशनमा काम पूरा भएपछि जम्मू र श्रीनगर बीच सीधा रेल सेवा सेप्टेम्बरमा शुरूहुने भन्नुभएको छ। जम्मू रेलवे स्टेशनमा गई जारी विकास कार्यहरूको उहाँले निरीक्षण गर्नुभयो।

**सिक्किम छात्तेन**

प्रतिकूल मौस र चुनौतीपूर्ण भू- भागका कारण आजका निम्ति उत्तर सिक्किमको छात्तेनदेखि पर्यटकहरूलाई निकाल्ने कार्य स्थगित गरियो। यसअघि बिहान दुईवटा MI-17 हेलिकप्टरको माध्यमबाट उन्चालीसजना पर्यटकहरूलाई पाकिम विमानास्थलमा अवतरण गराइएको थियो। अन्य चारजनालाई भने चीता हेलिकप्टरबाट सुरक्षितसाथ निकालियो। यस अतिरिक्त बाग्डोग्राबाट छात्तेन पुगेको अन्य एउटा MI-17 हेलिकप्टरको सहायताले निकालिएका सोल्हजना यात्रीसहित त्यहाँबाट निकालिएका पर्यटकहरूको संख्या तीर्सट पुगेको छ।

फंसेका पर्यटकहरूलाई निकाल्नका निम्ति पाकिममा तयार राखिएको MI -17 हेलिकप्टरको माध्यमबाट अठारजना अनि चीताबाट चारजना गरी कुल बाहीसजना पर्यटकलाई आज नै बागडोग्रा पुर्याइएको छ।

प्राप्त जानकारी अनुसार लगभग चौंसटजना पर्यटकहरू छातेनमा रहेका छन्, जसलाई प्रतिकुल मौसमका कारण आज त्यहाँबाट निकाल्न सकिएन उनीहरूलाई मौसम अनुकुल हुनासाथै पाकिम विमानास्थलमा राखिएका दुईवटा MI-17 V5 हेलिकप्टरको सहायताले निकालिनेछ।

सिक्किम सरकार जीवन रक्षा र आवश्यक राहत प्रदान गर्न सम्बन्धित निकाय र सेनासितको समन्वयमा आपदा प्रतिक्रिया व्यवस्थापनमा पूर्ण रूपमा लागिपरेको छ।

**अरूणाचल- वर्षा असम**

अरूणाचल प्रदेशमा अविरल वर्षाले गर्दा 33 हजार भन्दा बढ़ि मानिसहरू प्रभावित भएका छन।

मूसलधार पानीले गर्दा आएको बाढ़ि र पहिरोले गर्दा कैयन गाँउहरूका साथ संपर्क विच्छेद भएको छ।

असममा पनि बाढ़िको स्थिति  गंभीर नैछ।अबिरल वर्षाका कारण कैयन  ठाँउहरूमा जलस्तर बढ़ेर स्थानहरू जलमग्न भएका छन्। 19 जिल्लामा 6 लाख भन्दा बढ़ि मानिसहरू प्रभावित भएका छन्। राज्य सरकारले उद्धार अभियानका लागि राज्य आपदा मोचन बल र राष्ट्रीय आपदा मोचन बलका टोलीहरू खट्टाएकोछ।

**Indonesian Open Badminton**

Indonesian open Badminton मा चिराग शेट्टी र सात्विक साईराज रेड्डीको भारतीय जोड़ी टुर्नामेन्टको question – final मा पुगेको छ। उनीहरूले जकार्तामा रासमस जेअर  Fredrik Soggier को Danish  जोड़ीलाई 2-1 ले पराजित गर्यो।

**हॉकी**

हॉकी महिला एशिया कप 2025 को कार्यक्रमको घोषणा गरिएकोछ। यो टुर्नामेण्ट यो वर्ष 5 देखि 14 सेप्टोम्वरसम्म चीनको हांगचोमा हुनेछ।भारतीय महिला हॉकी टीमले 5 सेप्टेम्वरका दिन थाइलैण्ड विरूद्ध आफ्नो अभियान थाल्नेछ। भारतीय टीमलाई pool B मा पहिल्लो च्याम्पियन जापान , थाईलैण्ड र सिंगापुरमा साथ राखिएको छ भने pool A मा आयोजन देश- चीन , कोरिया , मलेशिया र चीनी ताइये शामेल छन्।